प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय

# सामाजिक विकास कार्यालय

मंगलसेन, अछाम

इमेल:sdo.achham@gmail.com
फोन नं.-०९७-५९०११२

प.सं. ०७८/७९
च.नं.

मिति: २०७८।०९।२८

## विषय: प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

यस कार्यालयको चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जेष्ठ नागरिकहरूको लागि दिवा सेवा केन्द्र संचालन गरिरहेका संघ / संस्थाहरूलाई रु.२ लाख अनुदान दिने कार्यक्रम रहेकोले प्रचलित कानून बमोजिम दिवा सेवा केन्द्र संचालन गरी रहेका इच्छुक संघ संस्थाहरूले अनुदानको लागि देहाय अनुसारका कागजात सहित प्रस्ताव यो सूचना प्रकाशित भएको ३० ( तीस ) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

धनराज धामी
(कार्यालय प्रमुख)

पेश गर्नु पर्ने कागजातहरू

- दिवासेवा केन्द्र सञ्चालन गरीरहेको संघ/संस्थाको विधान, विनयम, दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि, सञ्चालक समितिका पदाधिकारीहरूको विवरण, आ.व. २०७७/७८ को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- अनुदानका लागि सम्बन्धित स्थानीय तहको सिफारिस।
- दिवा सेवा केन्द्रले प्रदान गरीरहेको सेवा, हालसेवा प्राप्त गरीरहेका जेष्ठ नागरिकहरूको विवरण, केन्द्र सञ्चालन गरी रहेको संस्थाको आर्थिक, भौतिक र मानवश्रोतको अवस्था सहित अनुदान रकमबाट गर्ने कार्यको विस्तृत विवरण सहितको प्रस्ताव।

बान्नीगढी जयगढ गाउँपालिका
आ.व.:
दर्ता नं.: १०७६
दर्ता मिति: 2078/10/10

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय

# सामाजिक विकास कार्यालय

मंगलसेन, अछाम

इमेल:sdo.achham@gmail.com
फोन नं.-०९७-५९०११२

प.सं. ०७८/७९
च.नं.

मिति: २०७८।०९।२८

## विषय: प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

यस कार्यालयको चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लैंगिक हिंसामा परेका महिलाहरूका लागि साविकमा जिल्ला स्तरमा महिला तथा बालबालिका कार्यालय मार्फत सञ्चालित अल्पकालीन सुरक्षित आवास गृह (सेफ हाउस) सञ्चालन निरन्तरताका लागि रू. ५ लाख ५० हजार अनुदान दिने कार्यक्रम रहेकोले सम्बन्धित निकाय/संस्थाले तपसिल बमोजिमका कागजात सहितको प्रस्ताव यो सूचना प्रकाशित भएको ३० (तीस) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

धनराज धामी
कार्यालय प्रमुख

पेश गर्नु पर्ने कागजातहरू

- लैंगिक हिंसामा परेका महिलाहरूका लागि साविकमा जिल्ला स्तरमा महिला तथा बालबालिका कार्यालय मार्फत सञ्चालित भएको र हाल सम्म निरन्तर सेवा प्रदान गरीरहेको अल्पकालीन सुरक्षित आवास गृह (सेफ हाउस) रहेको पुष्टी हुने कागजातहरूको प्रतिलिपि।
- अपल्पालिन सेवा केन्द्र सञ्चालन कार्यविधि २०७७ को दफा ९ बमोजिमका क्षेत्रमा अनुदान रकम खर्च गर्ने खर्चको प्रस्ताव।
- आवसगृह सञ्चालन गर्ने संस्था / निकाय प्रचलित कानून अनुसार स्थापना, नवीकरण र कर चुक्ता प्रमाणपत्रहरूको प्रतिलिपि।
- गत आ. व. २०७७/०७८ मा सेवा प्रवाह गरेका सेवा ग्राहिको विवरण।
- गत आ. व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन।

बान्नीगढी जयगढ गाउँपालिका
आ.व.:
दर्ता नं.: १००१
दर्ता मिति: २०७८।१०।१०

श्री प्र. प्र. अ.
सूचना सम्प्रेषण गर्ने